जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक १७८ | २०८२ साल माघ २८ गते बुधवार | Wednesday-11-February-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## भव्य स्वागतको तयारी, चुनावी अभियानलाई नयाँ गति दिने अपेक्षा

*शु. आ. सम्बाददाता*
*रौतहट, २७ माघ*

काठमाडौँ महानगरपालिकाका निवर्तमान मेयर तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) आज बुधबार रौतहट र बारा आउने भएका छन् । आगामी प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै सञ्चालन भइरहेको देशव्यापी जनसम्पर्क तथा प्रचार अभियानअन्तर्गत भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा हेरिएका शाह मधेशको महत्वपूर्ण जिल्ला रौतहट र बाराको भ्रमणमा निस्किन आउन लागेका छन् ।

पार्टी स्रोतका अनुसार शाह आज बिहान करिब ११:०० बजे सर्लाहीको कर्मैया हुँदै रौतहट प्रवेश गर्ने कार्यक्रम रहेको छ । युवा पुस्तामाझ अत्यन्त लोकप्रिय मानिने शाहको आगमनलाई लिएर रौतहट र बाराको राजनीतिक माहोल तातेको छ भने रास्वपाका कार्यकर्ता तथा समर्थकहरू उत्साहित देखिएका छन् ।

शाहको स्वागतलाई भव्य बनाउने उद्देश्यले रास्वपा रौतहट र बाराले व्यापक तयारी गरेको छ । चन्द्रपुर नगर समितिका संयोजक सुरेन्द्र सापकोटाका अनुसार चन्द्रपुर नगरपालिकाका विभिन्न स्थानमा स्वागत कार्यक्रम आयोजना गरिनेछ।



"बागमती चोक, चन्द्रपुर चोकदेखि बालचनपुरसम्म विभिन्न स्थानमा भव्य स्वागतको तयारी गरेका छौं। सम्पूर्ण

बाँकी तेश्रो पृष्ठमा

## घाँस काट्ने विषयमा विवादः समूहिक आक्रमणबाट तीन महिला गम्भीर घाइते, एक पक्राउ

*शु. आ. सम्बाददाता*
*रौतहट, २७ माघ*

जिल्लाको देवाही गोनाही नगरपालिकामा घाँस काट्ने जस्तो सामान्य विषयलाई लिएर सुरु भएको विवादले उग्र रूप लिँदा भएको सामूहिक झडपमा परी तीन जना महिला गम्भीर घाइते भएका छन् । जिल्लाको देवाही गोनाही नगरपालिका वडा नम्बर ५ टिकुलियास्थित खेतमा सोमबार साँझ सुरु भएको भनाभन राति हिंसात्मक आक्रमणमा परिणत भएको हो। स्थानीयका अनुसार महेश तिवारीको तोरीबारीमा छिमेकी शंकर राय यादवको घरका महिलाहरूले घाँस काटेपछि विवादको बिजारोपण भएको थियो। सोही विषयमा सोमबार साँझ तिवारीकी छोरी अस्मिताले गुनासो गरेपछि दुवै पक्षबीच भनाभन भएको थियो । साँझको सामान्य विवादलाई लिएर राति शंकर राय यादव, उनका छोरा शम्भु राय र परिवारका अन्य सदस्यहरू घरेलु हतियारसहित तिवारीको घरमा प्रवेश गरी अन्धाधुन्ध कुटपिट सुरु गरेका थिए । आक्रमणकारीले महिलाहरूलाई लक्षित गरी साङ्घातिक हमला गरेको पीडित पक्षको आरोप छ ।



आक्रमणमा परी महेश तिवारीकी २५ वर्षीया छोरी अस्मिता तिवारी, १५ वर्षीया सुस्मिता तिवारी र झगडा छुट्याउन पुगेकी छिमेकी बच्चेलाल मुखिया बिनकी ४० वर्षीया श्रीमती अनतिया बिन गम्भीर घाइते भएकी छीन् । पारिवारिक स्रोतका अनुसार अनतिया बिनको टाउकोमा गम्भीर चोट लागेको छ भने तिवारी दिदीबहिनीको शरीरका विभिन्न भागमा गहिरो चोट लागेको हो । घाइते तीनै जनालाई तत्कालै एम्बुलेन्स मार्फत बाराको कलैयास्थित एप्लस अस्पतालमा भर्ना गरिएको थियो । चिकित्सकहरूका अनुसार उनीहरूको अवस्था जटिल रहेकाले हाल आईसीयूमा राखेर उपचार भइरहेको छ, यद्यपि स्वास्थ्यमा क्रमिक सुधार भइरहेको बुझिएको छ ।

### *कानुनी कारबाही र अनुसन्धान*

घटनालगत्तै सक्रिय भएको प्रहरीले आक्रमणमा संलग्न रहेको आरोपमा स्थानीय शम्भु राय यादवलाई नियन्त्रणमा लिईएको हो । उनलाई हाल इलाका प्रहरी कार्यालय गरुडामा राखेर थप अनुसन्धान अघि बढाइएको छ। घटनाका मुख्य अभियुक्त मानिएका शंकर राय यादव भने हाल फरार छन् । उनले 'बिरामी परेको' बहाना बनाएर कतै उपचार गराइरहेको सूचना प्राप्त भएको प्रहरी स्रोतले जनाए ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजालले घटनालाई गम्भीरताका साथ लिएको बताए। उनले भन्ने:

सामान्य विवादलाई लिएर महिलाहरूमाथि भएको यो आक्रमण निन्दनीय छ। हामीले घटनाको सूक्ष्म अनुसन्धान सुरु गरिसकेका छौं। फरार रहेका अन्य अभियुक्तहरूको खोजी कार्य तीव्र पारिएको छ र दोषीलाई कानुन बमोजिम कडा कारबाही गरिनेछ ।

हाल टिकुलिया गाउँमा थप अप्रिय घटना हुन नदिन प्रहरीले उच्च सतर्कता अपनाएको हो ।


## निर्वाचनको मुखमा बारामा त्रासको राजनीति ,जनमत पार्टीका केन्द्रीय सदस्यलाई ज्यान मार्ने धम्की, सुरक्षा निकाय निष्क्रिय


*शु.आ. सम्वाददाता*
*बारा, २७ माघ*

प्रतिनिधि सभा निर्वाचन नजिकिँदै जाँदा बारा जिल्लामा राजनीतिक गतिविधि अस्वस्थ दिशातर्फ उन्मुख हुन थालेको देखिएको छ । विचार, नीति र कार्यक्रमको प्रतिस्पर्धा हुनुपर्ने बेला धम्की, डर र हिंसात्मक अभिव्यक्तिले स्थान लिन थालेपछि जिल्लाको शान्ति सुरक्षामाथि गम्भीर प्रश्न उठेको छ । यसै सन्दर्भमा जनमत पार्टीका केन्द्रीय सदस्य बिकाश सिंहलाई ज्यान मार्ने धम्की दिइएको घटनाले राजनीतिक वृत्तलाई तरंगित बनाएको छ । बारा निर्वाचन क्षेत्र नम्बर २ मा जनमत पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बीच कडा प्रतिस्पर्धा हुने अनुमान भइरहेका बेला सामाजिक सञ्जालमार्फत सार्वजनिक धम्कीहरू बाहिर आएका हुन् । ती भिडियोहरूमा सिंहलाई लक्षित गर्दै "राम नाम सत्य" जस्ता शब्द प्रयोग गरी हत्या गर्ने चेतावनी दिइएको सुनिन्छ ।

'गम्भिरा सहनी' नामक टिकटक खाताबाट सार्वजनिक भिडियोमा सिंहको नामै किटान गरी हिंसात्मक अभिव्यक्ति दिइनु सामान्य उत्तेजना नभई गम्भीर आपराधिक संकेत भएको स्थानीय राजनीतिक विश्लेषकहरूको भनाइ छ । यस्तो खालको खुला धम्कीले स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन गराउने राज्यको दायित्वमाथि नै प्रश्न उठाएको छ ।

त्यसैगरी राजेश पटेल नामक व्यक्तिले अर्को भिडियोमार्फत "पचरौतामा आए पेट्रोल छर्केर आगो लगाइदिन्छु" भन्ने




अभिव्यक्ति दिएका छन्, जुन प्रत्यक्ष हिंसाको उक्साहट मानिएको छ । स्थानीयहरूका अनुसार यस्ता अभिव्यक्तिहरू योजनाबद्ध रूपमा त्रास फैलाउने उद्देश्यले गरिएको देखिन्छ । तर यस विषयमा प्रतिक्रिया दिँदै पटेलले आफूले कसैको नाम नलिएको र कुनै व्यक्तिलाई लक्षित नगरेको दाबी गरेका छन् । उनका अनुसार भिडियो सामान्य रूपमा पोस्ट गरिएको हो ।

स्थानीय बासिन्दाहरू भने चुनावी नतिजा प्रतिकूल हुने संकेत पाएपछि केही समूह डरको राजनीति गर्न सक्रिय भएको आशंका व्यक्त गर्छन् । उनीहरूका अनुसार बाउन्सर र कार्यकर्तामार्फत विरोधीलाई तर्साउने रणनीति अपनाइएको हुन सक्छ, जुन लोकतान्त्रिक अभ्यासको ठाडो अपमान हो । सबैभन्दा गम्भीर पक्ष भनेको सामाजिक सञ्जालमा प्रमाणसहित भिडियो सार्वजनिक भइसक्दा पनि जिल्ला प्रहरी कार्यालय बाराबाट कुनै ठोस कदम नचालिनु हो । प्रहरीको मौनताले कानुन कार्यान्वयनप्रति नै अविश्वास बढाएको स्थानीयहरूको गुनासो छ । सुरक्षा निकाय निष्क्रिय देखिँदा धम्की दिनेहरूको मनोबल झनै बढ्ने खतरा रहेको उनीहरूको भनाइ छ। राजनीतिक प्रतिस्पर्धा लोकतन्त्रको सुन्दर पक्ष भए पनि ज्यान मार्ने धम्की, आगो लगाउने चेतावनी र आतंक फैलाउने अभिव्यक्ति सीधै अपराधको दायरामा पर्छन् । यस्ता गतिविधिमा संलग्न व्यक्तिहरूमाथि तत्काल कानुनी कारबाही नगरे निर्वाचन प्रक्रिया प्रभावित हुनुका साथै जिल्लामा अराजकता फैलिन सक्ने जोखिम बढ्दै गएको छ ।

यस घटनाले प्रशासनलाई स्पष्ट चेतावनी दिएको छ–अब पनि मौनता कायम रहे धम्कीको दायरा एक व्यक्तिमा सीमित नरही समाजमै फैलिन सक्छ । समयमै हस्तक्षेप नगरे लोकतन्त्र व्यवहारमा होइन, भाषण र नारामै सीमित हुने खतरा बढ्ने देखिन्छ ।

## दृढ संकल्प, स्वचछ विचार र विकासको नारासहित बारा-३ मा प्रमोद गुप्ताको जनलहर

*शु.आ. सम्बाददाता*
*बारा, २७ माघ*

"दृढ संकल्प, स्वच्छ विचार र विकासका लागि यसपालि बारा-३ मा प्रमोद गुप्ता" भन्ने नाराले यतिबेला बारा निर्वाचन क्षेत्र नम्बर ३ पूरै गुन्जिएको छ। चुनाव नजिकिँदै जाँदा स्थानीय बासिन्दाहरूको जनसमर्थन क्रमशः प्रमोद गुप्तातर्फ केन्द्रित हुँदै गएको देखिन्छ ।

स्थानीयहरूका अनुसार प्रमोद गुप्ता कुनै चुनावी मौसममा मात्र देखिने उम्मेदवार नभई, निर्वाचित हुँदा होस् वा पराजित हुँदा–सधैं आफ्नै क्षेत्र र कलैयामै बसोबास गर्दै आएका व्यक्ति हुन् । यही निरन्तर उपस्थिती, जनतासँगको आत्मीय सम्बन्ध र सुख-दुःखमा साथ दिने स्वभावका कारण यसपालि बारा-३ का मतदाताको पहिलो रोजाइ गुप्ता बनेको बताइन्छ । क्षेत्रका बासिन्दाहरू भन्छन्, "हामीलाई बाहिरबाट आएका होइन, हाम्रै समस्या बुझ्ने, यहीँ बस्ने र यहीँको विकास चाहने प्रतिनिधि चाहिएको हो । प्रमोद गुप्ता त्यो मापदण्डमा फिट हुनुहुन्छ।" स्थानीय विकास, शिक्षा,



स्वास्थ्य, सडक र रोजगारीका विषयमा गुप्ताले अघि सारेका एजेन्डा व्यवहारिक र कार्यान्वयनयोग्य भएको उनीहरूको बुझाइ छ ।

चुनावी प्रचारप्रसारका क्रममा गुप्ताले नकारात्मक राजनीति भन्दा पनि स्वच्छ विचार, इमानदार नेतृत्व र दीर्घकालीन विकासलाई प्राथमिकतामा राख्दै आएका छन् । उनले बारा-३ लाई पछाडि परेको क्षेत्रबाट समृद्धिको बाटोमा लैजान स्पष्ट योजना र दृढ इच्छाशक्ति रहेको बताउँदै आएका छन् । कलैया लगायत आसपासका गाउँबस्तीमा गरिएको घरदैलो अभियान, स्थानीयसँगको प्रत्यक्ष संवाद र पुराना समस्या समाधानका लागि देखाएको चासोले गुप्ताप्रति विश्वास बढ्दै गएको स्थानीयहरूको भनाइ छ । "भोट माग्न मात्र होइन, समस्या सुन्न र समाधान खोज्न आउने नेता भएकाले उहाँप्रति भरोसा छ," एक स्थानीय मतदाताले बताए ।

यसपटकको निर्वाचनमा बारा-३ मा कडा प्रतिस्पर्धा हुने अनुमान गरिए पनि स्थानीय स्तरमा देखिएको समर्थन, नारामा मात्र होइन व्यवहारमा पनि विकास चाहने मतदाताको झुकाव प्रमोद गुप्तातर्फ रहेको संकेत मिल्दै गएको छ। त्यसैले बारा-३ मा यसपालि परिवर्तनको चाहना प्रमोद गुप्ताको नामसँग जोडिएर अघि बढिरहेको देखिन्छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुबे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# मतदातालाई रिझाउदै उम्मेदवारहरु

निर्वाचनको माहोल नजिकिँदै गर्दा बारा जिल्लाका उम्मेदवारहरु मतदातासँग प्रत्यक्ष भेटघाट, घरदैलो, बजार भ्रमण र विभिन्न अन्तरक्रिया कार्यक्रम मार्फत आफ्नो उम्मेदवारी र एजेन्डा जनतासम्म पुर्‍याउन सक्रिय देखिएका छन् । यस्तो गतिविधि लोकतान्त्रिक अभ्यासको सकारात्मक पक्ष हो । प्रत्यक्ष संवादले मतदातालाई उम्मेदवारका योजनासँग परिचित गराउँछ भने उम्मेदवारलाई क्षेत्रको वास्तविक समस्या र आवश्यकताबारे बुझ्ने मौका पनि प्रदान गर्दछ ।

हालका दिनहरुमा बारा-२, बारा-३ र अन्य प्रमुख निर्वाचन क्षेत्रहरुमा उम्मेदवारहरुले स्थानीय विकास, शिक्षा, स्वास्थ्य, सडक, कृषि र युवा रोजगारीलाई मुख्य एजेन्डा बनाएका छन् । मतदातासँगको प्रत्यक्ष भेटघाट र संवाद कार्यक्रमले मतदातामा जागरूकता बढाउने मात्र होइन, निर्वाचन प्रक्रियामा सहभागिता सुनिश्चित गर्ने भूमिका पनि खेल्दछ । घरघर पुगेर योजनाहरु बुझाउनु, स्थानीय समस्यासँग परिचित हुनु र मतदातासँग व्यक्तिगत रुपमा छलफल गर्नु नेतृत्वको सकारात्मक पक्ष हो ।

तर, यसैबीच ध्यान दिनुपर्ने कुरा के हो भने, उम्मेदवारहरुको प्रचार-प्रसार सकारात्मक, विकासमुखी र पारदर्शी हुनुपर्छ । केवल मतदातालाई आकर्षित गर्ने वा मत लिन प्रेरित गर्ने उद्देश्यले भ्रमपूर्ण वा डर देखाउने शैली अपनाउनु लोकतान्त्रिक मूल्यको अपमान हो । उम्मेदवारले स्वच्छ छवि, जवाफदेही नेतृत्व र क्षेत्र विकासको प्रतिवद्धता जनतासँग प्रस्तुत गर्नुपर्छ । स्थानीय मतदाताले पनि यस अवसरको सदुपयोग गर्नुपर्छ । उनीहरुले सोच-विचार र विवेक प्रयोग गरी मतदान गर्दा मात्रै निर्वाचनको वास्तविक महत्व रहन्छ । यसरी उम्मेदवारको सक्रियता र मतदाताको सचेतता मिलेर मात्र निर्वाचन निष्पक्ष, शान्तिपूर्ण र विकासमुखी बन्न सक्छ ।

साथै, निर्वाचनको दौरान मतदातालाई विकासमुखी योजना, युवाको रोजगारी, शिक्षा र स्वास्थ्य सेवा जस्ता मुद्दा हेर्ने चेतना विकास गर्नु आवश्यक छ । केवल व्यक्तिगत आकांक्षा वा पार्टी नारा मात्रलाई आधार बनाएर मतदान गर्दा क्षेत्र र देशको दीर्घकालीन विकास प्रभावित हुन सक्छ ।

अन्ततः, उम्मेदवारहरुले आफ्नो एजेन्डा र नीतिलाई स्पष्ट राखेर जनतासँग प्रत्यक्ष संवाद बढाउने र मतदाताले विवेकपूर्ण निर्णय गर्ने वातावरण सिर्जना गर्नु निर्वाचनको सफलता र लोकतन्त्रको मजबूती दुवैका लागि अनिवार्य छ ।

# इजलासको कडी, निर्वाचनको घडी



प्रा.डा. गान्धी पण्डित

निर्वाचनको मिति र कार्यक्रम घोषणा भइसकेकाले प्रचलित कानुनबमोजिम चुनाव सार्न वा रोक्न सम्भव छैन ।

भदौ २३, २४ को जेन–जी विद्रोहले पाँच वर्षको पदावधिका लागि निर्वाचित भएको प्रतिनिधिसभा लगभग अढाई वर्षमै विघटन हुन पुग्यो । यही २१ फागुन महिना नयाँ संसद्का लागि निर्वाचन हुन गइरहेको छ । सुशीला कार्कीको अन्तरिम सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा संविधानको धारा ६१ को अधीनमा २०७९ मा निर्वाचित प्रतिनिधिसभा विघटन गरिएको हो । धारा ६१ मा राष्ट्रपतिलाई संविधानको पालना र संरक्षण गर्नुपर्ने विशिष्ट दायित्व प्रदान गरेको हुँदा सो बमोजिम नै निजले संसद् विघटन गरेका हुन् ।

नेपालको संविधानको प्रस्तावनामा लोकतन्त्रको संरक्षण र अग्रगामी राजनैतिक परिवर्तनका लागि गर्दै आएका कुनै पनि जनआन्दोलन र संघर्षलाई आत्मसात् गरिनेछ भनी उल्लेख गरिएको छ । यसको अर्थ संविधानको बुझ्नुपर्ने समग्र मर्म र भावना केवल संविधानका विभिन्न धारामा लेखिएका विभिन्न काला अक्षरको शव्दको सार र अर्थमा सीमित नभई संविधानको प्रस्तावनासमेतको लिखित मूल संविधानलाई एउटा राजनीतिक दस्तावेजको रूपमा स्वीकार गरेमा मात्र बुझ्न सकिन्छ ।

यस अर्थमा संविधानको मूल भावना र मर्मलाई आत्मसात् नगरी केवल संविधानको धारा ७६ मा उल्लेखित शब्दको सीमित सार र अर्थबाट मात्र भदौ २७ मा संसद् विघटनको कार्यलाई बुझ्नु र व्याख्या गर्नु मनासिव र उपर्युक्त देखिँदैन । संविधानको संशोधन वा परिवर्तन केवल संवैधानिक व्यवस्था र संसदीय कायविधिबाट गरिन्छ । सोबाहेक अन्य तरिकाबाट गर्ने मिल्दैन भनी बुझ्नु राजनीतिक जडबुद्धि सावित हुन पुग्छ । यदि संवैधानिक प्रक्रियाबाट मात्र संविधानका प्रावधान कार्यान्वयन हुनुपर्छ । अन्यथा संविधानविपरीत हुन्छ भनी स्वीकार गरिएमा २०१७ मा जारी भएको संविधानलाई २०४७ को संविधानले र २०४७ को संविधानलाई २०६३ को अन्तरिम संविधानले ती तत्तत् संविधानलाई विस्थापित गर्ने सक्दैन । गरेको भए पनि ती कार्यहरू असंवैधानिक हुन भनी अर्थ लाग्न पुग्छ । २०१७ र २०४७ को संविधानलाई ती संविधानमा गरिएको व्यवस्था र प्रक्रियाबमोजिम विस्थापित वा खारेज गरेको होइन । ती संविधानहरूको खारेजी वा परिवर्तन जनआन्दोलन वा विद्रोहले गरेको हुँदा नै वर्तमान संविधानमा प्रस्तावनामा संविधानको खारेजी वा संविधानको कुनै धाराको कार्यान्वयनको स्थगनलाई जनआन्दोलन, विद्रोह वा संघर्षबाट हुन सक्छ भनी प्रस्तावनामा जनआन्दोलन, विद्रोह वा संघर्षलाई सम्मना आत्मसात् गरिएको पाइन्छ । यही सेरोफरोमा यस आलेखमा हाल केही राजनीतिक दल र विघटित संसद्का सदस्यहरूले भदौ २७ मा गैरसंवैधानिक तरिकाबाट संसद् विघटन गरिएको हुँदा उक्त विघटित संसद् पुनर्स्थापना गरिपाऊ भनी दायर गरेको रिट निवेदनको विश्लेषण र यसका अन्तरनिहित दाबीलाई केलाउने प्रयास गरिएको छ । संविधानको धारा ८५ मा संसद्को कार्यकाल पाँच वर्षको हुनेछ भनी व्यवस्था गरेको छ । सामान्यतः संसद् पाँच वर्षसम्म नै कायम रहोस् र बीचैमा संसद् विघटन हुन नपरोस् भन्ने संविधानको चाहना, भावना र मर्म हो । तर संविधानले धारा ७६(७) को विशेष अवस्था सिर्जना भएको अवस्थामा मात्र संसद् विघटन गर्ने पाउने व्यवस्था गरेको छ । सोबाहेक अन्य अवस्थामा संसद् विघटन गर्न पाउने व्यवस्था गरिएको छैन । तर कुनै नागरिक विद्रोह, आन्दोलन वा संघर्षको कारणबाट कुनै विषम परिस्थिति उत्पन्न भई संसद् चल्न नसक्ने वा संसद्लाई निरन्तरता दिन नसकिने अवस्था भएमा संसद् विघटन मिल्ने वा नमिल्ने सम्बन्धमा संविधानमा कुनै व्यवस्था गरेको पाइँदैन ।

संविधानको घारा ७६ को सोझो बुझाइमा त संसद् कायम हुँदै गरेको अवस्थामा कुनै प्रधानमन्त्रीले राजीनामा दिएको अवस्थामा धारा ७६(२), (३) वा (५) को प्रक्रिया अपनाई नयाँ प्रधानमन्त्री नियुक्त गरिनुपर्छ भन्ने हो । तर ती सबै प्रक्रिया अपनाउँदा पनि प्रधानमन्त्री नियुक्त हुन सक्ने अवस्था नरहेमा मात्र धारा ७६(७) मा प्रधानमन्त्रीको सिफारिसमा संसद् विघटन गर्ने सकिने व्यवस्था छ । तर भदौ २४ गतेको विषम परिस्थिति र तरल अवस्थालाई ध्यानमा राखी प्रधानमन्त्री ओलीले पदबाट राजीनामा दिए । त्यसपश्चात् कार्यवाहक प्रधानमन्त्रीको रूपमा राष्ट्र र संविधानमा देखिएको समस्यालाई समाघान गर्न धारा ६१ बमोजिम उचित निकास दिनु हुन भनी राष्ट्रपतिलाई सिफारिस गरेका थिए ।

त्यस्तो सिफारिसपश्चात् राष्ट्रपतिले संविधानको धारा ६१ को अधिकार प्रयोग गरी कार्कीलाई प्रधानमन्त्री नियुक्त गरेपछि निज कार्कीको सिफारिसमा राष्ट्रपतिले संसद् विघटन गरी निर्वाचन घोषणा गरेको हो । सोही कदमलाई संविधानविपरीत भएको भनी चुनौती दिँदै विघटित संसद् स्थापित गरी पाउन भनी रिट निवेदन दायर भएको अवस्था हो । वास्तवमा भदौ २३-२७ मा देशको अस्तित्व र संविधान नै जोखिममा परेको अवस्था हो । आन्दोलनलाई रोकी सहमतिमा ल्याई देशलाई त्यस विषम परिस्थितिमा निकास दिन राष्ट्रपति र सेनापतिको उचित र विवेकशील कदमबाटै सबै राजनीतिक पार्टीको सहमति र सल्लाहबमोजिम राष्ट्रपतिले धारा ६१ लाई टेकेर संविधानको संरक्षक र पालकको हैसियतले धारा ७७(२) बमोजिमको कार्यवाहक प्रधानमन्त्रीको सिफारिसमा कार्कीलाई प्रधानमन्त्री नियुक्त गरी निजेको सिफारिसमा संसद् विघटनको गरिएको हो ।

संविधानको धारा ७७(१)(क) बमोजिम ओलीले राष्ट्रपति समक्ष राजीनामा दिएपछि उपधारा (३) बमोजिम अर्को प्रधानमन्त्री नियुक्त नहुँदासम्म निजले कार्यवाहकको हैसियतले मन्त्रिपरिषद्को काम कारबाही गर्ने पाउने भनी उपधारा (३) व्यवस्था गरिएको छ । सो हैसियतमा प्रधानमन्त्रीमा नियुक्त गर्न लगायत धारा ६१ बमोजिम उचित कदम चाली निकास दिन राष्ट्रपतिसमक्ष सिफारिस गरेका हुन् । उचित कदम भन्नाले त्यसबखत संसद्मा नभएको व्यक्ति कार्कीलाई नियुक्त गर्न पाउने भनी सिफारिस गरेको मान्नुपर्ने हुन्छ । संविधानको धारा ७७ ले संविधानको कार्यान्वयन र संरक्षणका लागि सिफारिस गर्ने अधिकार कार्यवाहक प्रधानमन्त्रीमा रहने र निजले गरेको सिफारिसबमोजिम राष्ट्रपतिले कार्य सम्पादन गरिनेछ भनी धारा ६६(२) मा व्यवस्था गरिएको छ । राष्ट्रपतिले कार्कीलाई प्रधानमन्त्री नियुक्त गर्नु र सोपश्चात संसद् विघटन गरी संसद्को निर्वाचन घोषणा गरेका सबै कार्य प्रधानमन्त्रीको सिफारिसमा गरेको हुँदा ती कार्यहरू संविधानसम्मत मान्नुपर्ने हुन्छ । अझै धारा ६१ को व्यवस्था हेर्ने हो भने भदौ २३-२४ को विषम र प्रतिकूल अवस्थामा मुलुकको राष्ट्रिय एकता र अखण्डता प्रवर्धन गर्दै संविधानको पालन र संरक्षण गर्ने प्रमुख कर्तव्य राष्ट्रपतिको प्रमुख कर्तव्य हो । सो कर्तव्यपालनको सिलसिलामा आवश्यकताको सिद्धान्तलाई आत्मसात् गर्दै प्रधानमन्त्रीको सिफारिस नभएको अवस्थामा पनि संविधानलाई बचाउन राष्ट्रपतिले आफूमा रहेको विशिष्ट संवैधानिक अधिकारको प्रयोगगरी प्रधानमन्त्री नियुक्त गरेको र संसद् विघटन गरेको कार्य संविधानसम्मत नै रहेछ भनी मान्नुपर्ने हुन्छ ।

यदि भदौ २३-२७ को गम्भीर, कठिन र प्रतिकूल अवस्थामा संसद् विघटन र निर्वाचनको घोषणाबाहेक अन्य के कदम चाल्ने सक्ने अवस्था थियो ? वा, संसद्को अधिवेशन बोलाउन सक्ने अवस्था थियो ? तत्कालै जेन–जी आन्दोलनकारीहरू वार्तामा बोलाई सहमतिमा ल्याउन नसेकेको भए संसद्को बैठक बोलाउने कुरा त परै जाओस्, संसद्बाटै प्रधानमन्त्री नियुक्त गर्न सक्ने अवस्था नै थिएन । यदि राष्ट्रपतिले त्यस्तो कार्य नगरेको भए या त देशको अस्तित्व र अखण्डतामा नै गम्भीर संकट आउन सक्थ्यो वा ठूलो रक्तपात निम्तिन सक्थ्यो । त्यसैले त्यस बेलाको संसद् विघटनको कार्य ठीक थियो थिएन भनी यकिन गर्ने अहिलेको अनुकूल परिस्थितिलाई हेरेर हैन कि त्यसबेलाको विद्यमान विषम परिस्थितिलाई हेरेर कुन विकल्प बढी व्यावहारिक वा कार्यान्वयन गर्ने सम्भव छ भनी बुझ्नु र मनन् गर्न जरुरी हुन्छ ।

विशेष परिस्थितिमा कुनै केन्द्रमा मतदान स्थगन हुन सके पनि समग्र निर्वाचनको कार्यतालिका परिवर्तन गर्न मिल्दैन ।

अदालतको प्रक्रियागत कार्यविधि पूरा हुन बाँकी रहेकाले रिटको अन्तिम सुनुवाइ र फैसला हुन ढिलाइ भएको हो । माघ २८ को तारेख र त्यसपछिको सुनुवाइ प्रक्रियाका कारण निर्वाचनअगावै फैसला आउने सम्भावना देखिँदैन ।

यहाँ प्रश्न सरकार गठनको प्रक्रियाको वैधानिकता जाँच्ने हो वा संसद् विघटनको कार्यको वैधानिकतालाई निर्क्योल गर्ने भन्ने हो । ओलीले राजीनामा दिएपछि राष्ट्रपतिले तुरुन्त अर्को प्रधानमन्त्री नियुक्त गरिहाल्ने विकल्प अन्य कार्य वा कदम चाल्ने विकल्प नै थिएन । त्यसैकारण राष्ट्रपतिले त्यसरी नियुक्त प्रधानमन्त्रीको सिफारिसको आधारमा संसद् विघटन गरेको कार्य कानुनसम्मत र व्यावहारिक देखिँदा सर्वोच्च अदालतले रिट जारी गर्ने सम्भावना न्यून छ तर आदेश जारी गर्ने वा नगर्ने भनी निर्णय गर्ने अन्तिम अधिकार हुन्छ ।

संसद् पुनर्स्थापनाको रिट उपरको सुनुवाइमा किन ढिलाइ ? : संसद् पुनर्स्थापनाका लागि रिट दायर गर्ने पक्षहरूले आफ्नो रिट उपरको सुनुवाइ सर्वोच्च अदालतले ढिलो गरेको हुँदा निर्वाचन अगावै चाँडो होस् भनी विभिन्न तरिकाबाट दबाब दिइरहेको देखिन्छ । के सर्वोच्च अदालतले सुनवाइमा ढिलै गरेको हो ? पटक्कै ढिला होइन । कुनै पनि रिट दर्ता भइसकेपछि त्यसको प्रारम्भिक सुनुवाइपछि कारण देखाऊ आदेश जारी भए त्यसपछि त्यस निवेदन उपरको अन्तिम सुनुवाइ अदालतका सबै प्रक्रिया र कायविधि पूरा भएपछि मात्र हुन्छ । एमालेले संसद् विघटनविरुद्धको पहिलो रिट कात्तिक महिनामा दायर गरेको थियो भने नेपाली कांग्रेसले त्यसपछि दायर गरेको हो ।

तर दुवै रिटलाई लगाउमा राख्ने गरी सर्वोच्चबाट आदेश भएबाट हाल दुवै निवदेनको प्रक्रियागत कायविधि पूरा भई नसकेको हुँदा अन्तिम सुनुवाइका लागि पेसी तारेखमा चढिसकेको छैन । पेसी तारेखमा नचढ्दासम्म उक्त रिटमा सुनुवाइ भई फैसला हुन सक्ने अवस्था छैन । यही माघ २८ का लागि साधारण तारेख तोकिएको छ र त्यसदिन पेसी तारेखमा मुद्दा चढ्ने वा नचढ्ने निश्चित छैन । यदि पेसी तारेखमा परे पनि त्यसको सुनुवाइ एक दुई हप्तापछि सुरु हुने हुन्छ । त्यसरी सुनुवाइ सुरु भइसकेपछि पनि त्यसको सुनुवाइ समाप्त हुन दुई वा तीन हप्तासम्म लाग्ने हुँदा निर्वाचनपछि मात्र निर्णय आउन सम्भव देखिन्छ ।

निर्वाचनपछिको सुनुवाइको कुनै अर्थ रहँदैन किनभने २१ फागुनको निर्वाचनपछिको सुनुवाइमा रिट प्रयोजनविहीन भई आदेश जारी गर्नुपर्ने अवस्थै आउँदैन । किनकि सम्पन्न निर्वाचनबाट आएको संसद्लाई रिट निवेदनबाट खारेज गरी पुरानो संसद्लाई पुनर्स्थापना हुने गरी आदेश जारी गर्न मनासिव देखिँदैन । निर्वाचनपछि नयाँ संसद् अस्तित्व आउने हुँदा त्यसरी अस्तित्वमा आइसकेपछि त्यस्तो नयाँ संसद्लाई बदर गर्ने क्षेत्रधिकार शक्ति पृथकीकरणको सिद्धान्तले पनि अदालतमा रहने देखिँदैन ।

के २१ फागुनमा हुने निर्वाचन स्थगन गर्ने वा निर्वाचन सार्न सम्भव छ ? : एकपटक निर्वाचनको मिति घोषणा भई सकेपछि निर्वाचनको सबै कार्यक्रमा तय भई सकेपछि निर्वाचन रोक्न वा सार्न प्रचलित कानुन र संवैधानिक प्रावधानबमोजिम सम्भव देखिँदैन । निर्वाचन कानुनबमोजिम चुनावको मिति तोकेपछि सो मितिभित्र निर्वाचन सम्पन्न गरिसक्नुपर्ने हुन्छ । तर कुनै मतदान केन्द्रमा हुलदंगालगायत अन्य असमान्य परिस्थिति उत्पन्न भई वा प्राकृतिक विपत् परी मतदानको काम हुन नसकेको अवस्थामा निर्वाचन अधिकृतले त्यस्तो मतदान कार्य तत्काल स्थगन गरी पुनः मतदानको सूचना निकाली मतदान सम्पन्न गर्न सक्नेगरी प्रतिनिधिसभा ऐन २०७४ को दफा ४५ मा व्यवस्था गरेको छ । सोबाहेक अन्य अवस्थामा निर्वाचन स्थगन मिल्ने अवस्था दैखिँदैन ।

निर्वाचन स्थगन भन्नु र निर्वाचनको मिति सार्नु भन्नु नितान्तै दुई फरक विषय हुन् । निर्वाचन सार्नु भनेको निर्वाचनको पूरै कार्यक्रम नै सार्नेगरी नयाँ मिति तय गर्नु हो । चुनाव स्थगन गर्नु भनेको यदि कुनै निर्वाचन क्षेत्रमा तोकिएको दिन मतदान सम्पन्न हुन नसकी मतदानको कार्य रोक्न परेमा सो रोकी पुन मतदानको मिति तोकी निर्वाचन सम्पन्न गर्ने कार्यलाई सम्झनु पर्दछ । यस अर्थमा आगामी २१ फागुनको निर्वाचन मिति सार्न सम्भव देखिँदैन । सोही मितिमा निर्वाचन सम्पन्न हुने निश्चित छ ।

पण्डित, वरिष्ठ अधिवक्ता हुन् ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

॥समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# बङ्गलादेश निर्वाचन : जोखिमयुक्त मतदान केन्द्रमा कडा सुरक्षा

एजेन्सी- बङ्गलादेशका प्रहरी प्रमुखले यस हप्ताको आम निर्वाचनका क्रममा एक लाख ५० हजारभन्दा बढी सुरक्षाकर्मी तैनाथ गरिने र देशभरका आधाभन्दा बढी मतदान केन्द्र हिंसाको जोखिममा रहेको चेतावनी दिएका छन् ।



प्रहरी अभिलेखअनुसार डिसेम्बर ११ देखि फेब्रुअरी ९ सम्म चलेको चुनावी अभियानको अवधिमा भएका राजनीतिक झडपमा पाँच जनाको मृत्यु भएको छ भने ६०० भन्दा बढी घाइते भएका छन् ।

बिहीबार हुने मतदानको सुरक्षाका लागि एक लाख सैनिक र अन्य सुरक्षा बलको सहयोगमा एक लाख ५७ हजारभन्दा बढी प्रहरी अधिकारी तैनाथ गरिनेछ । सन् २०२४ मा शेख हसिनाको स्वेच्छाचारी सरकारविरुद्ध भएको सामूहिक विद्रोहपछि यो देशको पहिलो निर्वाचन हो ।

'हामीले आफ्नो जिम्मेवारी पूरा गर्ने विषयमा एक हजार प्रतिशत विश्वस्त छौँ', प्रहरी महानिरीक्षक बहरुल आलमले ढाकामा पत्रकारहरूसँग भने। सत्र करोड जनसङ्ख्या भएको यो देश हसिनाविरुद्धको विद्रोहयता निरन्तर राजनीतिक उथलपुथलमा छ । उक्त विद्रोहका क्रममा प्रहरीले उहाँलाई सत्तामा टिकाइराख्न असफल प्रयास गर्दा कडा र घातक दमन गरिएको थियो ।

प्रहरीका अनुसार सम्भावित अशान्ति, हिंसा वा मतपत्र भराइमा अवरोधको जोखिमका कारण २४ हजारभन्दा बढी मतदान केन्द्रलाई उच्च जोखिम वा मध्यम जोखिमको श्रेणीमा राखिएको छ । यो सङ्ख्या देशभर रहेका करिब ४२ हजार मतदान केन्द्रको आधाभन्दा बढी हो ।

'केही मतदान केन्द्रहरू अत्यन्तै टाढाका स्थानमा छन् । त्यहाँ कडा प्रतिस्पर्धा छ र उम्मेदवार तथा उनीहरूका समर्थकहरूबीच गहिरो शत्रुता देखिन्छ', आलमले भने। उनका अनुसार सन् २०२४ को अशान्तिका बेला लुटिएका एक हजार ३०० प्रहरी बन्दुक अझै बरामद हुन सकेका छैनन् । उनले उच्च जोखिम र मध्यम जोखिमका केन्द्रहरूमा प्रहरी अधिकारीहरूले पहिलो पटक शरीरमा लगाइने क्यामेरासहित गस्ती गर्ने जानकारी पनि दिए ।

मानवअधिकार संगठन ऐन ओ सालिस केन्द्रका अनुसार सन् २०२४ को अगस्टदेखि सन् २०२५ को डिसेम्बरसम्म भएको राजनीतिक हिंसामा १५८ जनाको ज्यान गएको छ भने सात हजारभन्दा बढी घाइते भएका छन् ।

ट्रान्सपरेन्सी इन्टरनेसनल बङ्गलादेश (टिआइबी) ले राजनीतिक दलहरूले 'भिड परिचालन' गरेको र विभिन्न अवरोध खडा गरेको आरोप लगाउँदै देशको कानून-व्यवस्थाको अवस्थाप्रति गहिरो चिन्ता व्यक्त गरेको छ ।

मतदान शान्तिपूर्ण बनाउन प्रहरी पूर्ण रूपमा प्रतिबद्ध रहेको आलमले बताए। तर उनले प्रहरीप्रति जनविश्वास कमजोर रहेको स्वीकार गरेका छन् ।

'मानिसहरूले प्रहरीलाई किन विश्वास गर्दैनन् भन्ने कुरा बुझ्न सकिन्छ', उनले भने, 'विगत १५ वर्ष मात्र होइन, वास्तवमा विगत १५० वर्षदेखि हाम्रा पूर्ववर्तीहरूले धेरै पटक जनताको अपेक्षा पूरा गर्न सकेका छैनन् ।'

## भव्य..........

रौतहटबासी युवा तथा समर्थकहरूलाई यो ऐतिहासिक क्षणमा सहभागी हुन आग्रह गर्दछु," सापकोटाले बताए ।

निर्धारित कार्यक्रमअनुसार बालेन शाहले रौतहटका विभिन्न निर्वाचन क्षेत्र र मुख्य बजारहरू चपुर र गरुडा
गौर र टिकुलियाँ घाट , औरैया, लवतना र डुमरिया
कुडिया र राजपुर (हाई स्कुल क्षेत्र) दमार लौकाहा र बसन्तपट्टि बन्कुल हनुमान मन्दिर चौक हुँदै बारामा प्रवेश गर्नेछन्।

रौतहट भ्रमणपछि शाह बाराका सिम्रौनगढ, विश्वप्रसिद्ध गढीमाई क्षेत्र तथा कलैयामा दिउँसो २:०० बजे पुग्ने कार्यक्रम रहेको राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सदस्य एवम् डाक्टर शुशिल साहले जानकारी दिएका छन्।

बारामा समेत स्थानीय नेता-कार्यकर्ता, युवा र समर्थकहरूसँग भेटघाट तथा संक्षिप्त जनसम्बोधन गर्ने तयारी भइरहेको साहले बताएका छन् । यसले बारा र रौतहट दुवै जिल्लामा रास्वपाको चुनावी अभियानलाई थप बल पुग्ने अपेक्षा गरिएको छ ।

भ्रमणलाई व्यवस्थित र सुरक्षित बनाउन रास्वपाका स्थानीय नेताहरूले मंगलबार जिल्ला प्रशासन तथा सुरक्षा निकायसँग छलफल गरेका छन् । रौतहट क्षेत्र नं. १ का उम्मेदवार राजेश चौधरी, क्षेत्र नं. २ का शेख सगिर र क्षेत्र नं. ३ का उम्मेदवार रवीन्द्र पटेल (धिरज) ले जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सिताराम रिजालसँग भेट गरी सुरक्षा, यातायात तथा भीड व्यवस्थापनबारे आवश्यक समन्वय गरेका हुन् ।

क्षेत्र नं. ३ का उम्मेदवार रवीन्द्र पटेलका अनुसार शाहको आगमनले रौतहट र बारामा रास्वपाको चुनावी अभियानमा नयाँ ऊर्जा थप्नेछ ।

"भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, पारदर्शी शासन र जवाफदेही नेतृत्वको सन्देश बोकेर आउनु भएका बालेन शाहको यो भ्रमण मधेशको राजनीतिमा महत्वपूर्ण मोड बन्न सक्छ," उनले बताए ।


**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**

**सम्पर्क नम्बर : ९८४५२२६३०५**


# समयमै पुल निर्माण नहुँदा फत्तेपुर-कलैया सडक प्रभावित बन्दै, स्थानीयहरू सास्ती खेप्न बाध्य

*अखिलेश कुमार यादव*
*बारा, २७ माघ*

बाराको सदरमुकाम कलैयासँग जोडिने मुख्य सडकखण्डमा निर्माणाधीन पुल समयमै सम्पन्न नहुँदा स्थानीय बासिन्दा हैरानी खेप्न बाध्य भएका छन् । जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १२ अन्तर्गत फत्तेपुरदेखि सदरमुकाम कलैया जोड्ने सडकमा निर्माण भइरहेका दुईवटा कल्भर्ट पुल अलपत्र परेपछि पिपरिया गाउँका स्थानीयहरू प्रत्यक्ष मारमा परेका हुन् ।उक्त पुलहरू जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक योजना अन्तर्गत निर्माण थालिएको हो । उपमहानगरपालिकाको २७ लाख ११ हजार रुपैयाँको लागतमा दुईवटा कल्भर्ट पुल निर्माणका लागि ठेक्का सम्झौता भए पनि सम्झौता म्याद सकिँदासमेत काम सम्पन्न हुन सकेको छैन । स्थानीयका अनुसार वर्षायाममा खोल्सामा पानी बढ्दा वैकल्पिक बाटोसमेत नहुँदा आवतजावत लगभग ठप्प हुने गरेको छ । विशेष गरी बालबालिकालाई विद्यालय पठाउन, बिरामीलाई अस्पताल लैजान र दैनिक कामकाज गर्न निकै कठिनाइ हुने गरेको छ । स्थानीय अभिभावक फेनवा खा थारुले पुल नहुँदा आफ्ना बालबालिका विद्यालय जानै छाड्नुपर्ने अवस्था आउने गरेको बताए । पुल निर्माणमा ढिलाइ हुँदा कृषि क्षेत्र पनि गम्भीर रूपमा प्रभावित भएको छ । किसान सुरेश चौधरीका अनुसार खेतमा मल, बीउ र उत्पादन ओसारपसार गर्न नसक्दा लागत बढ्नुका साथै उत्पादनसमेत प्रभावित भएको छ । "खेतीपाती नै हाम्रो मुख्य आम्दानी हो, पुल नहुँदा बजारसम्म पुग्नै समस्या छ," उनले गुनासो गरे ।



२०८१ साल वैशाख १६ गते कार्यदेश लिएर पुल निर्माणको जिम्मा लिएको गढीमाई सिभिल कन्सलटेन्सी एण्ड कन्स्ट्रक्सनले सम्झौता अवधि बितिसक्दासमेत काम पूरा नगरेपछि स्थानीय आक्रोशित बनेका छन् । पटक-पटक ध्यानाकर्षण गराउँदासमेत ठेकेदार कम्पनी सम्पर्कविहीन हुने गरेको वडा नम्बर १२ का वडाध्यक्ष श्यामबाबु चौधरीले बताए । नगरको बजेटबाट निर्माण भइरहेको योजनामा समेत यस्तो लापरबाही हुनु दुःखद भएको उनको भनाइ छ । उपमहानगरपालिकाका इन्जिनियर अभयकान्त झाले २७ लाख रुपैयाँको लागतमा दुईवटा पुल निर्माण भइरहेको र ठेकेदारको ढिलासुस्ती तथा सम्पर्कविहीन अवस्थाका कारण काम समयमा सम्पन्न हुन नसकेको स्वीकार गरे । उनका अनुसार दुई पटक म्याद थप गरिसकिएको छ र माघ मसान्तसम्म काम सम्पन्न गराउने प्रयास भइरहेको छ ।

तर स्थानीय भने ठेकेदार कम्पनीले अहिलेसम्म १४ लाख २६ हजार रुपैयाँ भुक्तानी लिइसक्दा पनि अपेक्षित प्रगति नदेखिएको भन्दै थप आश्वासनप्रति विश्वस्त देखिँदैनन् । बारामा पछिल्लो समय ठेकेदार कम्पनीहरूको चरम लापरबाहीका कारण दर्जनौं पुल तथा सडक योजना अलपत्र अवस्थामा पुगेका छन् । टेन्डर आह्वान गरिएको रकमभन्दा निकै कम मूल्यमा ठेक्का सकार्ने, पछि घाटा भएको बहानामा काम अधुरै छोड्ने र सम्पर्कविहीन हुने प्रवृत्ति बढ्दै गएको स्थानीयको गुनासो छ । यस्ता लापरबाहीले जनताको दैनिक जीवन प्रत्यक्ष प्रभावित भइरहेको छ । विकासका नाममा बजेट छुट्याइए पनि समयमै काम नहुँदा जनताको समस्या झनै जटिल बन्दै गएको छ । सम्बन्धित निकायले समयमै अनुगमन, कडाइ र जवाफदेहिता सुनिश्चित नगर्ने हो भने विकास योजना कागजमै सीमित हुने खतरा बढ्दै गएको स्थानीयको भनाइ छ ।


**सिम्रौनगढ नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

**सिम्रौनगढ नगरपालिकाको कार्यालय, सिम्रौनगढ, बारा**

**जनहितमा जारी सन्देश**

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

**ठोरी गाउँपालिका, ध्याङडाँडा, पर्सा**

**जनहितमा जारी सन्देश**

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

**वृन्दावन नगरपालिका, विश्रामपुर, रौतहट**

**जनहितमा जारी सन्देश**

- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं ।
- सडेगलेका तथा बासी खाना नखाऔं ।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

**बहुदरमाई नगरपालिका**
**बहुअरी पिडारी . पर्सा**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा**

# "बारा-२ बाट निर्वाचित सांसदभन्दा चार गुणा बढी काम गर्नेछु" : जनमत पार्टी उम्मेदवार सिए राजेश साह

***शु.आ. सम्बाददाता***
***बारा, २७ माघ***



बारा-२ बाट प्रतिनिधि सभा सदस्यको उम्मेदवारी दिने जनमत पार्टीका सिए राजेश साहले स्थानीय मतदातासँग प्रत्यक्ष संवाद गर्दै आगामी निर्वाचनमा आफ्नो प्रतिबद्धता सार्वजनिक गरेका छन् । सुवर्ण गाउँपालिका भिस्वा चौकमा आयोजित भेटघाट कार्यक्रममा साहले "म बारा-२ बाट निर्वाचित सम्पूर्ण सांसदभन्दा चार गुणा बढी काम गरेर देखाउने छु" भनी बताए । उनी आफूमाथि भएको जनविश्वास र अपेक्षाप्रति दृढ रहेको उल्लेख गर्दै स्थानीय जनता, युवा र समर्थकहरूलाई सकारात्मक दृष्टिकोणका साथ मतदान गर्न आग्रह गरे । साहले भने, "म जनताको समस्या बुझेर, विकासका कार्यहरू छिटो र प्रभावकारी रूपमा सम्पन्न गर्ने योजना लिएर आएको हुँ । यो क्षेत्रको विकासलाई निष्पक्ष र द्रुतगतिमा अघि बढाउन मेरो प्रयास निरन्तर रहनेछ ।"

साहले आफ्नो स्वच्छ छवि, ईमानदारी र शिक्षित युवा नेतृत्वका कारण मतदातासँगको विश्वास बलियो भएको बताउँदै, सबै नागरिकलाई हरन छापमा मतदान गर्न आग्रह गरेका छन् । उनले स्थानीय विकास, शिक्षा, स्वास्थ्य, सडक सुधार, कृषि र रोजगारीका कार्यक्रमलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरे ।

प्रत्यक्ष भेटघाट र चुनावी अभियान

भेटघाटको क्रममा साहले जनतासँग प्रत्यक्ष संवाद गर्दै उनीहरूको समस्या, आवश्यकता र सुझाव सुने । स्थानीयबासिन्दाहरूले सडक, पिउने पानी, विद्युत, स्वास्थ्य सेवा र रोजगारीलाई प्रमुख समस्या भएको बताउँदै तत्काल सुधारका उपाय मागे । साहले मतदातालाई भने, "मेरो अभियान केवल मत माग्ने होइन, तपाईंहरूको समस्या समाधान गर्ने अभियान हो । विकासका काम र जनतासँगको संवाद मेरो प्राथमिकता हुन् ।"

जनमत पार्टीको स्थानीय कार्यकर्ता र युवा समूहले पनि साहको समर्थनमा व्यापक घरदैलो, बजार भ्रमण र प्रचार-प्रसार अभियान चलाएका छन् । पार्टीका अनुसार, बारा-२ को सम्पूर्ण गाउँ र बजार क्षेत्रमा प्रत्यक्ष भेटघाट, पोस्टर, ब्यानर र सामाजिक सञ्जालमार्फत जनतासम्म अभियान विस्तार भइरहेको छ ।

स्थानीय राजनीतिक विश्लेषकहरूले पनि सिए राजेश साहको युवा नेतृत्व, स्वच्छ छवि र जनतासँगको प्रत्यक्ष सम्पर्कले आगामी निर्वाचनमा उनको प्रतिस्पर्धात्मक स्थितिलाई बलियो बनाउने आशा व्यक्त गरेका छन् ।

# युवा र विकासमुखी एजेन्डासहित अरविन्द साहले सिसहनिया-ढोरियामा घरदैलो कार्यक्रम सञ्चालन

***बारा, २७ माघ***



बारा निर्वाचन क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्यको उम्मेदवार ई. अरविन्द साहले कलैया उपमहानगरपालिका वडा नं. २५ अन्तर्गत सिसहनिया र ढोरिया टोलमा घरदैलो कार्यक्रम सञ्चालन गर्दै मतदातासँग प्रत्यक्ष संवाद गरेका छन् । घरदैलोका क्रममा उम्मेदवार साहले आफ्नो प्रमुख एजेन्डा स्थानीय विकास, युवा रोजगारी सिर्जना, शिक्षा र स्वास्थ्य सेवा सुधार रहेको बताए । उनले विशेष गरी युवापुस्तालाई वैदेशिक रोजगारीमा निर्भर हुन नपर्ने अवसर सिर्जना, सीपमूलक तालिम र उद्यमशीलता प्रवर्द्धनमा जोड दिने प्रतिबद्धता व्यक्त गरे ।

साहले यसअघि विभिन्न स्थानमा जेनजी युवासँग गरिएको छलफललाई उद्धृत गर्दै भने, "हामी युवाको आवाज नीति निर्माण तहसम्म पुऱ्याउने छौं । विकास र रोजगारका अवसर सृजना गर्नु हाम्रो प्राथमिकता हो । मतदातासँग प्रत्यक्ष सम्पर्क हाम्रो अभियानको मुख्य आधार हो ।"

कार्यक्रममा स्थानीय बासिन्दाले सडक, खानेपानी, कृषि, स्वास्थ्य सेवा र युवा अवसरसम्बन्धी समस्याहरू राखेका थिए । उम्मेदवार साहले हरेक समस्याको समाधानका लागि योजना तयार रहेको जानकारी दिएका थिए । उनले मतदातालाई घण्टी छापमा मतदान गर्न आग्रह गर्दै घरघर पुगेर आफ्नो योजना बुझाए ।

साहको टोलीका अनुसार, आगामी दिनहरूमा पनि घरदैलो, अन्तरक्रिया र छलफल कार्यक्रम निरन्तर सञ्चालन हुने योजना छ । यस अभियानमार्फत उनी मतदातासँग प्रत्यक्ष संवाद बढाउँदै युवापुस्ता र स्थानीय जनताको सक्रिय सहभागिता सुनिश्चित गर्ने लक्ष्यमा छन् ।

स्थानीय विश्लेषकहरूका अनुसार, अरविन्द साहको युवा नेतृत्व, स्वच्छ छवि र विकासमुखी एजेन्डाले आगामी निर्वाचनमा मतदातामा सकारात्मक प्रभाव पार्ने सम्भावना छ ।

# बारा-३ मा जसपा उम्मेदवार रामबाबु कुमार यादवले छाता छापमा मतदान गर्न अपील, चुनावी अभियान तीव्र

***शु.आ. सम्बाददाता***
***बारा, २७ माघ***



बारा निर्वाचन क्षेत्र नं. ३, जसमा नेपालको गौरव योजना फास्ट ट्रेक नजिकको टाङ्गिया बस्तीदेखि नेपाल-भारत सिमानासम्म फैलिएका ३७ वटा वडाहरू पर्छन्, त्यहाँ जसपा उम्मेदवार रामबाबु कुमार यादवले मतदातासँग प्रत्यक्ष संवाद गर्दै आफ्नो चुनावी अभियान तीव्र बनाएका छन् ।

उम्मेदवार यादवले मँगलबार नेपाल-भारत सिमानामा पुगेर स्थानीय जनता र मतदातासँग भेटघाट गरेका हुन् । उनले मतदातालाई आगामी प्रतिनिधि सभा निर्वाचनमा छाता छापमा मतदान गर्न अपील गर्दै भने, "हाम्रो अभियान विकास, सुशासन र जनताको हितमा केन्द्रित छ । छाता छापमा मतदान गरेर क्षेत्रको वास्तविक विकास सुनिश्चित गर्नुहोस् ।" यादवले क्षेत्रको सडक, शिक्षा, स्वास्थ्य सेवा, कृषि र युवा रोजगारीलाई प्रमुख प्राथमिकता बनाउने प्रतिवद्धता व्यक्त गरे । साथै उनले बताए कि घरदैलो र मतदातासँग प्रत्यक्ष संवादमार्फत प्रत्येक वडाको समस्या बुझ्ने र समाधानका उपाय अघि बढाउने योजना बनाइएको छ । चुनावी अभियानको क्रममा जसपा टोलीले सबै ३७ वडामा घरदैलो, बजार भ्रमण र अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै मतदातासँगको प्रत्यक्ष सम्पर्क बढाउने रणनीति अपनाएको छ । यसका साथै, स्थानीय युवा र महिला समूहसँगको छलफलमार्फत विकास योजना र रोजगारी सिर्जना सम्बन्धी सुझाव संकलन गरिनेछ । स्थानीय विश्लेषकहरूको मत अनुसार, उम्मेदवार यादवको प्रत्यक्ष अपील, युवा र ग्रामीण जनतासँगको संवाद र छाता छापमा मतदानको जोरले आगामी निर्वाचनमा उनको प्रतिस्पर्धात्मक स्थिति बलियो बनाउन सक्छ । उम्मेदवार यादवले आफ्नो चुनावी अभियानलाई अझ प्रभावकारी बनाउन स्थानीय नेताहरू, कार्यकर्ता र पार्टी समर्थकहरूसँग समन्वय गर्दै जनताको विश्वास जित्ने प्रयासलाई निरन्तरता दिने बताएका छन् ।

# धोबिनी-५ का ५५ जनाको मोतियाबिन्दु शल्यकृया निःशुल्क

***राजन कुमार बानियाँ***
***पर्सा, २७ माघ***



धोबिनी गाउँपालिका वडा नम्बर ५, धोबिनी गाउँका ५५ जनाको मोतियाबिन्दुको शल्यकृया निःशुल्क गरिएको छ । यस पहलको नेतृत्व गैरसरकारी संस्था होप फर ह्युमानिटी फाउन्डेशनले गरेको हो ।

वीरगन्जस्थित वीरगन्ज सामुदायिक आँखा केन्द्रमा ती शल्यकृयाहरू सम्पन्न भएका हुन् ।

संस्थाका सदस्य मुस्ताक अन्सारीका अनुसार, शल्यकृया अघि गत शनिबार धोबिनी-५ का विद्यालयमा निःशुल्क आँखा जाँच शिविर आयोजना गरिएको थियो ।

उक्त शिविरमा २२० जनाको आँखा जाँच गरिएकोमा ६९ जनामा मोतियाबिन्दुको समस्या भेटिएको थियो । तीमध्ये तत्काल शल्यकृयाको आवश्यकता भएका ५५ जनाको उपचार वीरगन्ज सामुदायिक आँखा केन्द्रमा निःशुल्क गरिएको अन्सारीले बताए ।

शल्यकृयामा संलग्न स्वास्थ्यकर्मी र चिकित्सकले उच्च मापदण्डअनुसार सबै बिरामीको उपचार सुनिश्चित गरेका थिए । अन्सारीले भने, "हाम्रो संस्था समुदायमा दृष्टि सुधार र आँखासम्बन्धी स्वास्थ्यको क्षेत्रमा सक्रिय रहन्छ । यस्तो परोपकारी कार्य आगामी दिनमा पनि निरन्तरता दिइनेछ ।"

स्थानीय बासिन्दाहरूले पनि निःशुल्क शल्यकृयाले जीवनस्तर सुधार्न ठूलो मद्दत पुगेको प्रतिक्रिया दिएका छन् । बृद्धवृद्धा र दृष्टि समस्यामा परेका व्यक्तिहरूको जीवनमा यस पहलले आशा र आत्मनिर्भरता थपेको उनीहरूको भनाइ छ ।

# भ्रष्टाचारीलाई हटाएर विकासमुखी नेतातर्फ मतदान गरौँ : बारा-२ का उम्मेदवार चन्दन सिंह

***शु.आ. सम्बाददाता***
***बारा, २७ माघ***




राष्ट्रिय स्वतन्त्र पार्टीबाट बारा-२ प्रतिनिधि सभा सदस्यको उम्मेदवार चन्दन कुमार सिंहले आगामी निर्वाचनमा जनता भ्रष्टाचारी नेता हटाएर विकासमुखी नेतामा मतदान गर्न आग्रह गरेका छन् ।

सिंहले स्थानीय समारोहमा भनिरहेका थिए, "बिगतका राजनीतिक दलहरूले देशमा आयआर्जन र वास्तविक विकासका कुनै योजना अघि बढाएका छैनन् । जनतालाई विभिन्न प्रकारका राजस्वको नाममा निरन्तर लुटिएको छ । यस्तो प्रणाली परिबर्तन गर्न मैले राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवारी दिएको हुँ ।" यसै क्रममा देवताल गाउँपालिका वडा नं. ७, टोल रमपुर्वा मा आयोजित कार्यक्रममा विभिन्न पार्टीका सयौं नयाँ सदस्यहरूले राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका छन् । नयाँ प्रवेशकर्ताहरूलाई पार्टीले गमछा र टिका लगाएर स्वागत गरेको थियो । पार्टीका प्रतिनिधिहरूले नवप्रवेशी सदस्यलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् । चन्दन सिंहले आफ्नो भाषणमा आगामी निर्वाचनमा जनताको विश्वास जितेर क्षेत्रको समग्र विकास, सुशासन र पारदर्शी शासनको सुनिश्चितता गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

स्थानीय मतदाताहरूले पनि भ्रष्टाचारमुक्त, विकासमुखी र जनताप्रति जवाफदेही नेतृत्वको आवश्यकता रहेको उल्लेख गर्दै चन्दन सिंहलाई समर्थन गर्ने संकेत दिएका छन् । पार्टीका स्थानीय नेता र कार्यकर्ताहरूले पनि घरदैलो, बजार भ्रमण र प्रत्यक्ष संवादका माध्यमबाट अभियानलाई गति दिइरहेका छन् ।

# महद उमे हबिबा लिल बनात मदरसा विद्यालय - उच्च शिक्षा

***मेवालाल यादव***
***रौतहट, २७ माघ***




रौतहट जिल्लाको गरुडा नगरपालिकामा सञ्चालित महद उमे हबिबा लिल बनात मदरसासम्बन्धी केही सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा हालै प्रकाशित समाचारप्रति संस्थाले गम्भीर आपत्ति जनाएको छ । ती समाचारहरू भ्रामक, आधारहीन तथा सत्यतथ्यको पुष्टि नगरी प्रकाशित गरिएको स्पष्ट पार्न चाहन्छौं । मदरसाको नाममा संकलन गरिएको चन्दा, जकात तथा सदकाजस्ता सहयोग रकम व्यक्तिगत स्वार्थका लागि प्रयोग गरिएको भन्ने आरोप पूर्ण रूपमा असत्य, निराधार र कपोलकल्पित रहेको संस्थाको स्पष्ट भनाइ छ । मदरसामा संकलित सम्पूर्ण रकम शिक्षा सञ्चालन, छात्राहरूको आवास, खानपान, शिक्षक तथा कर्मचारीको पारिश्रमिक र संस्थागत भौतिक पूर्वाधार विकासमा मात्र पारदर्शी ढंगले खर्च हुँदै आएको छ ।

संस्थाका सञ्चालक मौलाना इजराइल मजाहिरी तथा उहाँका परिवारका सदस्यहरूले मदरसाको नाममा निजी सम्पत्ति निर्माण गरेको भन्ने दाबी कुनै पनि प्रमाण, कागजात वा आधिकारिक आधारविना गरिएको हुँदा अत्यन्त दुःखद र आपत्तिजनक रहेको संस्थाले जनाएको छ । मदरसासँग सम्बन्धित सम्पूर्ण सम्पत्ति तथा संरचना संस्थागत प्रयोजनका लागि मात्र प्रयोग हुँदै आएका छन् ।

महद उमे हबिबा लिल बनात मदरसा विगतदेखि नै पारदर्शिता, धार्मिक नैतिकता तथा इस्लामिक शिक्षा प्रणालीका मूल्य-मान्यताअनुसार सञ्चालन हुँदै आएको प्रतिष्ठित शैक्षिक संस्था हो । आधारहीन आरोपका कारण मदरसाको गरिमा, प्रतिष्ठा र सामाजिक विश्वासमा आँच पुऱ्याउने प्रयास गरिएकोमा संस्था दुःखी रहेको स्पष्ट पार्दछ ।

अतः कुनै पनि समाचार प्रकाशन गर्नु अघि सत्यतथ्यको यथोचित अध्ययन गर्न र सम्बन्धित पक्षको आधिकारिक धारणा लिन सञ्चारमाध्यमसमक्ष संस्थाले आग्रह गर्दछ ।

संस्थाले सम्पूर्ण सहयोगदाता, अभिभावक तथा समुदायप्रति विश्वास कायम राख्दै आगामी दिनहरूमा पनि धार्मिक शिक्षा, नैतिक मूल्य विकास र सामाजिक सेवाप्रति निरन्तर प्रतिबद्ध रहने प्रतिवद्धता व्यक्त गर्दछ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा